नेपालको राष्ट्रिय बजेट विश्लेषण

आर्थिक वर्ष २०८१-८२

नेपाल विकास अनुसन्धान प्रतिष्ठान (ने.वि.अ.प्र.)

Web: www.ndri.org.np

E-mail: info@ndri.org.np

ललितपुर, नेपाल

NDRI

नेपालको राष्ट्रिय बजेट विश्लेषण

आर्थिक वर्ष २०८१/८२

यस अध्ययनमा नेपालको राष्ट्रिय बजेट २०८१/८२ को विस्तृत विश्लेषण गरिएको छ। यसका साथै नेपालको बजेटको पछिल्लो दशकको समिक्षा पनि गरिएको छ। बजेटका कमजोरीहरु औंल्याउनुका साथै यस अध्ययनले केही सुझाव पनि प्रस्तुत गरेको छ। साथै क्षेत्रगत विश्लेषण पनि प्रस्तुत गरेर बजेटको बारेमा चासो राख्नुहुने पाठकको लागि सरल बनाउने प्रयास गरिएको छ।

अध्ययन टोलीः

डा. रुद्र सुवाल (प्रमुख, आर्थिक विकास संकाय, ने.वि.अ.प्र.)

सलिसा रैला (अनुसन्धानकर्ता, आर्थिक विकास संकाय, ने.वि.अ.प्र.)

अन्जना लामिछाने (अनुसन्धानकर्ता, आर्थिक विकास संकाय, ने.वि.अ.प्र.)

डा. शंकर श्रेष्ठ (कार्यकारी निर्देशक / वरिष्ठ अनुसन्धान विशेषज्ञ, ने.वि.अ.प्र.)

डा. दिपेन्द्र रोकाया (वरिष्ठ अनुसन्धान विशेषज्ञ, आर्थिक विकास संकाय, ने.वि.अ.प्र.)

यसका साथै यस विश्लेषणमा सहयोग पुर्याउनुहुने नेपाल विकास अनुसन्धान प्रतिष्ठानका सम्पुर्ण विषयगत संकाय प्रमुख, विशेषज्ञ तथा अनुसन्धानकर्मीहरु लाई विशेष धन्यवाद दिन चाहन्छौं।

प्रकाशकः

अर्थिक विकास संकाय

नेपाल विकास अनुसन्धान प्रतिष्ठान

यस सामग्रीको व्यवसायिक/गैर-शैक्षिक प्रयोगको लागि पुनरुत्पादन निषेध गरिएको छ।

सबै अधिकार सुरक्षित, © नेपाल विकास अनुसन्धान प्रतिष्ठान, २०२४

विषयसुची

१. बजेटको पृष्ठभुमि १

१.१. सन्दर्भ १

२. पछिल्लो दशकको विश्लेषणात्मक अध्ययन १

२ .१.विनियोजित बजेट र वास्तविक बजेटको तुलना २

२ .२.बजेटको संरचनात्मक विभाजन ४

२.२.१. व्ययको आधारमा विभाजन ४

२ .२.२.खर्च परिपूर्तिका लागि आम्दानीको स्रोतहरु ६

२ .३.कुल गार्हस्थ उत्पादनमा ऋणको हिस्सा ८

२ .४.सार्वजनिक ऋण र ऋणको व्यवस्थापन ९

३. आर्थिक वर्ष २०८१/८२ को बजेट विश्लेषण १०

३ .१.बजेटको आकारको विश्लेषण १०

३ .२.उद्देश्य ११

३ .३.प्राथमिकताहरु ११

३ .४.बजेटको विभाजन १२

३.४.१.खर्च र राजस्व को आधारमा विभाजन १२

३.४.२. क्षेत्रगत विशलेषण १३

३ .५.निष्कर्ष र सुझाव १७

चित्रको सुचीः

चित्र १ : कुल खर्च, राजस्व संकलन र बजेट घाटाको तुलना २
चित्र २: विनियोजित बजेट र वास्तविक खर्चको तुलना ३
चित्र ३: व्ययका आधारमा बजेटको संरचनात्मक अध्ययन ४
चित्र ४: कुल गार्हस्त उत्पादनमा चालु खर्च र पुँजिगत खर्चको प्रतिशत ५
चित्र ५: आम्दानीका स्रोतहरु ७
चित्र ६: कुल कर राजस्वमा प्रमुख करहरुको योगदान ७
चित्र ७: नेपालको कुल ऋणको विश्लेषण ८
चित्र ८: सार्वजनिक ऋण र सावाँ ब्याज भुक्तानी १०
चित्र ९: खर्च र राजस्वको आधारमा बजेटको विभाजन १२

नेपालको राष्ट्रिय बजेट २०८१/८२ को विश्लेषण
नेपाल विकास अनुसन्धान प्रतिष्ठान

१. बजेटको पृष्ठभूमि

१.१ सन्दर्भ

नेपालमा वि.सं. २००८ मा पहिलो बजेट पेश भएको थियो। त्यसपछी हरेक आर्थिक वर्षका लागि बजेट सार्वजनिक हुंदै आएको छ। बजेट सार्वजनिक गर्दा एक आर्थिक वर्ष अर्थात श्रावन १ गते देखि आषाढ मसान्त सम्मका लागि छुट्याईएको हुन्छ। देशको कुल आय र व्ययको विवरण सार्वजनिक गरी पारदर्शिता प्रस्तुत गर्नु बजेटको मुख्य उद्धेश्य रहेको हुन्छ । नेपालको बजेटको इतिहास हेर्दा हरेक आर्थिक वर्षको लागि छुट्याइएको बजेटमा चालु खर्चको रकम पुँजिगत खर्चका लागि छुट्टयाइएको रकमको तुलनामा धेरै ठुलो हुने गरेको छ । तथ्याङ्कका आधारमा हेर्दा २०५४/५५ साल सम्म कुल चालु खर्च भन्दा पुँजिगत खर्चमा बजेटको रकम बढी देखिन्छ भने त्यस पछीका वर्षहरुमा भने पुँजिगत खर्चको तुलनामा चालु खर्चमा बजेट बढी देखिन्छ। पछिल्ला वर्षहरुमा चालु खर्चका लागि कुल बजेटको ५० प्रतिशत भन्दा बढी रकम विनियोजन हुने गरेको छ भने पुँजिगत खर्चका लागि थोरै रकम मात्र विनियोजन हुने गरेको छ। यसै क्रममा आगामी आर्थिक वर्षको कुल राजस्व सङ्कलन अर्थात आय र कुल बजेट खर्च अर्थात व्ययको विस्तृत विवरण यस बजेटले पेश गरेको छ ।

पछिल्लो ५ दशकको बजेटको प्रवृत्तिलाइ हेर्दा कुनै वर्षहरुमा ६0% सम्मको बजेट घाटा व्यहोर्नु परेको देखिन्छ । खर्च बढ्दै गरेको र खर्चको तुलनामा आन्तरिक राजस्वमा वृद्धि गर्न नसक्नु नै बजेट घाटाको प्रमुख कारण रहेको छ भने अर्को तर्फ चालु खर्चमा हुने गरेको उच्च वृद्धि र सोहि अनुरुप पुँजीगत खर्चलाई बढाउन नसक्नु बजेट घाटाको अर्को कारण रहेको पाइन्छ ।

२. पछिल्लो दशकको विश्लेषणात्मक अध्ययन

पछिल्लो ५ दशकको बजेटको प्रवृत्तिलाइ हेर्दा, ६०% सम्मको बजेट घाटा व्यहोर्नु परेको देखिन्छ । खर्च बढ्दै गरेको र खर्चको तुलनामा आन्तरिक राजस्वमा वृद्धि गर्न नसक्नु नै बजेट घाटाको प्रमुख कारक हो भने अर्को तर्फ चालु खर्चमा हुने गरेको वर्षेनी वृद्धि र सोहि अनुरुप पुँजीगत खर्चलाई बढाउँन नसक्नु अर्को कारण

गरहेको छ । पछिल्लो दशकमा नेपालको कुल खर्च, राजस्व संङ्कलन र बजेट घाटाको तुलना **चित्र नं. १** मा हेर्न सकिन्छ।



चित्र १: कुल खर्च, राजस्व संकलन र बजेट घाटाको तुलना

२.१. विनियोजित बजेट र वास्तविक बजेटको तुलना

पछिल्लो १० वर्षको तथ्याङ्कको विशलेषण गर्दा प्रत्येक वर्षमा नेपालको वास्तविक बजेट विनियोजित बजेट भन्दा कम देखिन्छ। यस अवधिको बजेट खर्चको तथ्याङ्कको आधारमा औसतमा कुल विनियोजित बजेटको ८१ प्रतिशतको मात्र वास्तविक खर्च भएको देखिन्छ। अनुमान गरे भन्दा कम सरकारी खर्च हुनुले देशको आर्थिक वृद्धीमा प्रत्यक्ष प्रभाव पारेको छ। पछिल्लो दशकको विनियोजित बजेट र वास्तविक बजेटको तुलनात्मक विश्लेषण **चित्र नं. २** मा हेर्न सकिन्छ।



चित्र २: विनियोजित बजेट र वास्तविक खर्चको तुलना

प्रस्तुत **चित्र नं. २** मा विगत १० वर्षको विनियिजित र वास्तविक बजेटको तुलना गरिएको छ, जसअनुसार वि.सं. २०६९/७० मा रु. ४०४.८२ अर्ब छुट्ट्याइएकोमा रु. ३५८.६३ अर्ब खर्च भएको थियो जुन वास्तविक बजेटको ८८.५९ प्रतिशत रहेको छ। त्यसैगरी वि.सं. २०७२/७३ मा वास्तविक बजेटको ७३.३४ प्रतिशत अर्थात रु. ८१९.४६ अर्ब विनियोजित भएकोमा रु. ६०१.०३ अर्ब मात्र वास्तविक खर्च भएको छ। वि.सं २०७६/७७ मा भने विनियोजित बजेट को तुलनामा वास्तविक खर्चको प्रतिशत अझै घटेर ७१.१९ प्रतिशत रहेको थियो भने रु. १,५३२.९६ अर्ब बजेट विनियोजन भएकोमा रु. १,०९१.३३ अर्ब मात्र खर्च भएको थियो। वि.सं. २०७९/८० मा भने रु. १,४२१.३२ अर्ब वास्तविक खर्च भयो जुन विनियोजित बजेटको ८६.४१ प्रतिशत रहेको छ । वि.सं. २०८०/८१ मा कुल विनियोजित बजेट रु. १,७५१.३१ अर्ब थियो, जसमध्ये रु. १,५३०.३५ अर्ब खर्च हुने संशोधित अनुमान रहेको छ। त्यसैगरी आगामी आर्थिक वर्षको लागि रु. १,८६०.३ अर्ब अर्थात रु. १८ खर्ब ६० अर्ब ३० करोड बजेट विनियोजन गरिएको छ।

यसरी प्रत्येक वर्ष विनियोजित बजेट भन्दा वास्तविक खर्च कम भइराखेको छ भने यसमा पनि पुँजिगत खर्चको लागि छुट्ट्याइएको बजेटको खर्च झन कम भएको देखिन्छ । यस तथ्याङ्कलाई आधार मानेर हेर्दा वास्तविक खर्च कम हुनु को कारण पत्ता लगाई त्यसको सुधारमा विशेष ध्यान दिनु पर्ने देखिन्छ।

२.२. बजेटको संरचनात्मक विभाजन

कुल राजस्व र खर्चका आधारमा पछिल्लो दशकमा नेपालको बजेटको संरचनाको विश्लेषण गर्नु पर्दा बजेटलाई आय र व्यय गरी दुई भागमा विभाजन गरिएको छ।

२.२.१. व्ययको आधारमा विभाजन

कुल खर्चको आधारमा नेपालको राष्ट्रिय बजेटको विश्लेषण यसप्रकार रहेको छः



चित्र ३: व्ययका आधारमा बजेटको संरचनात्मक अध्ययन

खर्चका आधारमा बजेटको संरचनाको प्रकृति पछिल्लो दशकमा लगभग एकैरुपको रहेको छ। कुल खर्चमा चालु खर्चको अंश र पुँजिगत खर्चको अंश प्रष्ट रुपमा देख्न सकिन्छ भने प्रत्येक वर्ष चालु खर्च र पुँजिगत खर्चको बिचको बढ्दो अन्तर पनि देख्न सकिन्छ (**चित्र नं. ३**)। एक दशकको अन्तरालमा बजेटको आकारमा वृद्धि भएको स्पष्ट देख्न सकिन्छ। यस अवधिमा चालु खर्चको आकारमा उल्लेख्य वृद्धि भएको छ भने पुँजिगत खर्चमा सुस्त रुपमा वृद्धि भएको छ। यस अवधिमा प्रत्येक वर्ष पुँजिगत खर्चको रकम कुल बजेटको २५ प्रतिशत भन्दा कम रहेको देखिन्छ। वि.सं. २०८०/८१ मा कुल रु. १७ खर्ब ५१ अर्ब ३१ करोड विभाजन भएकोमा रु. ११ खर्ब ४१ करोड ७८ लाख चालु खर्चको लागि विनियोजन गरिएको थियो। आर्थिक वर्ष २०८१/८२ को लागि कुल बजेट रु.१८ खर्ब ६० अर्ब ३० करोड विनियोजन भएको छ, जसमा रु.११ खर्ब ४० अर्ब ६६ करोड चालु खर्चका लागि, रु. ३ खर्ब ५२ अर्ब ३५ करोड पुँजिगत खर्चका लागि र रु. ३ खर्ब ६७ अर्ब २८ करोड वित्तिय व्यवस्थाका लागि छुट्ट्याईएको छ।

चालु खर्चले प्रत्येक आर्थिक वर्षमा पुँजीगत खर्चलाई निरन्तर उछिनेको छ । यसले सरकारले दीर्घकालीन लगानीभन्दा तलब, मर्मतसम्भार र प्रशासनिक खर्च जस्ता सरकार संचालन खर्चको आवश्यकतालाई प्राथमिकतामा पर्न गएको देख्न सकिन्छ । यसले परिवर्तनकारी परियोजनाहरूमा पर्याप्त स्रोतहरू विनियोजन गर्नुको सट्टा सरकारको दैनिकी कार्यहरू व्यवस्थित गर्नमा ध्यान केन्द्रित भएको देखिन्छ । चालु र पूँजीगत खर्चको वृद्धिदरको तुलना गर्दा, चालू खर्चमा सामान्यतया द्रुत गतिमा वृद्धि भएको देखिएको छ । यसले सरकारको क्षमताभन्दा बढी सेवाहरूको माग बढ्ने कठिनाई हुने र पूर्वाधार परियोजनाहरूको लागि पर्याप्त रकम नहुने देखाउँछ। चालु र पुँजीगत खर्च दुवै आवश्यक भएतापनि निरन्तर उच्च चालु खर्चले दीर्घकालीन विकासका लागि पर्याप्त स्रोत विनियोजन गर्ने सरकारको क्षमतामाथि प्रश्न खडा गर्न सक्छ । दिगो विकास सुनिश्चित गर्ने र तत्काल आवश्यकताहरू पूरा गर्ने सन्तुलित दृष्टिकोण वांछनीय हुनेछ ।



चित्र ४: कुल गार्हस्त उत्पादनमा चालु खर्च र पुँजिगत खर्चको प्रतिशत

चित्र नं. ४ मा नेपालको कुल गार्हस्त उत्पादनको तुलनामा चालु खर्च र पुँजिगत खर्चको संरचनाको विशलेषण गरिएको छ। वि.सं. २०३१/३२ मा चालु खर्च कुल गार्हस्त उत्पादनको ३.२ प्रतिशत थियो भने पुँजिगत खर्च ५.८ प्रतिशत थियो। त्यसैगरि वि.सं. २०५४/५५ सम्म पुग्दा चालु खर्च ७.७ प्रतिशत र पुँजिगत खर्च ९.६ प्रतिशत थियो। हालसम्म पुग्दा भने कुल गार्हस्थ उत्पादनको तुलनामा चालु खर्चको प्रतिशत बढ्दै गएको र पुँजिगत खर्चको प्रतिशत घट्दै गएको देख्न सकिन्छ। वि.सं. २०७८/७९ मा चालु खर्च कुल गार्हस्थ उत्पादनको १९.३ प्रतिशत थियो भने पुँजिगत खर्च ४.४ प्रतिशत मात्र थियो। त्यसैगरि वि.सं. २०७९/८० मा कुल गार्हस्थ उत्पादनमा चालु खर्चको अनुमानित हिस्सा १८.७ प्रतिशत र पुँजिगत खर्चको अनुमानित हिस्सा भने ४.३

प्रतिशत मात्र थियो। यसरी पुँजिगत खर्चको तुलनामा चालु खर्च अत्यन्त बढी हुनु र पुँजिगत खर्चको लागि अत्यन्तै कम बजेट विनियोजन हुनुले कुल सरकारी खर्च कम गराउँछ, यसले कुल लगानिमा पनि गिरावट गराउँछ र राष्ट्रिय आयमा पनि गिरावट गराउँछ। तसर्थ, देशको समग्र आर्थिक विकासका लागि पुँजिगत खर्चमा बजेट बढाउनु अपरिहार्यनै देखिन्छ।

२.२.२. खर्च परिपूर्तिका लागि आम्दानीको स्रोतहरु

कुल खर्चमा राजस्वको योगदान एक दशकमा औसत ६० प्रतिशतका साथ स्थिर रहेको छ बाँकी रकम परिपूर्तिका लागि अन्य क्षेत्रसंग निर्भर हुनुपरेको देखिन्छ भने ऋणमा बढ्दो र सहायतामा घट्दो प्रवृत्ति देखिन्छ । बजेटको आकार बढ्दो रहेको छ भने बढ्दो बजेट संगै राजस्वको योगदान बढ्न नसक्दा र सहायता घट्दै जाँदा त्यस अन्तरलाई परिपूर्ति गर्न ऋणको मात्रा बढेको देखिन्छ । यसरि बढ्दो बजेटको आकारले ऋणको बोझ बढेको देखिन्छ । जसले गर्दा सम्भावित रूपमा महत्त्वपूर्ण क्षेत्रहरूमा स्रोतहरू बाँडफाँड गर्ने सरकारको क्षमतामा बाधा पुगेको छ । यसले वित्तीय चुनौतिहरू खडा गर्दछ र आर्थिक झट्काहरूलाइ सामना गर्नका लागि चुनौती थपेको छ । यसबाहेक, ऋण चुक्ता गर्न छुट्याइएको बजेटको ठूलो अंशले आवश्यक विकास प्राथमिकताहरूका लागि छुट्याइएको स्रोतहरूमा कमी ल्याउँदछ ।

यसबाट लगानीकर्ता र ऋणीहरूको विश्वास पनि प्रभावित हुन सक्छ, ऋण लागत र विदेशी लगानीलाई असर गर्न सक्छ । डलरको तुलनामा नेपाली मुद्राको अवमूल्यनले ऋणको दायित्व बढेको छ र वित्तीय 'स्पेस 'साँघुरो पारेको छ । वैशाखसम्म तिर्नबाँकी सार्वजनिक ऋण २३ खर्ब ९७ अर्ब ४३ करोड रुपैयाँ पुगेको छ । यो कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ४२.०२ प्रतिशत हो। यसअनुसार तिर्न बाँकी आन्तरिक ऋण ११ खर्ब ८४ अर्ब ४८ करोड र बाह्य ऋण १२ खर्ब १२ अर्ब ९५ करोड रुपैयाँ छ। यसरी कम पूँजी निर्माणका कारण कमजोर आर्थिक वृद्धिदरसँगै देशको अर्थतन्त्रले भविष्यमा सम्भावित जोखिमहरूको सामना गर्नुपर्ने हुनसक्छ । आर्थिक वृद्धि र स्थायित्व कायम राख्न उचित वित्तीय व्यवस्थापन अभ्यासहरू लागू गर्न, राजस्व परिचालन बढाउन र विविधीकरण रणनीतिहरू अवलम्बन गर्न महत्त्वपूर्ण छ । खर्च परिपुर्तिका लागि आम्दानिका स्रोतहरुको विश्लेषण **चित्र नं. ५** मा देख्न सकिन्छ।



चित्र ५: आम्दानीका स्रोतहरु

कर राजस्व संकलन

नेपालको कुल कर राजस्वमा सबै भन्दा धैरै लगभग आधा योगदान वस्तु तथा सेवामा आधारित करको रहेको छ । वस्तु तथा सेवामा आधारित कर भित्र मूल्य अभिवृद्धि कर ,अन्तःशुल्क कर आदि जस्ता करहरु पर्दछन । दोस्रो स्थानमा आय, मुनाफा र पुँजीगत लाभमा लाग्ने कर पर्दछ जसको योगदान लगभग २५ प्रतिशत रहेको छ । यसैगरी तेस्रो मुख्य योगदान आयात करको रहेको छ ,जुन पछिल्लो दशकमा लगभग २० प्रतिशत जति रहँदै आएको छ जसलाई **चित्र नं. ६** मा देखाइएको छ ।



चित्र ६: कुल कर राजस्वमा प्रमुख करहरुको योगदान

आयात करको हिस्सा कुल राजस्व संकलनमा उल्लेख्य रहे संगै आव २०६९/७० को बजेटले नेपालको आयातमा बढ्दो निर्भरतालाई स्वीकार गरेको थियो । जवाफमा, विभिन्न अनुकूल निर्यात नियमहरू पेश गरिएको थियो र उत्पादन विकास, ब्रान्डिङ, र मार्केटिङलाई समर्थन गर्न आश्वासनहरू दिइएको थियो । जुन त्यस पछिका आर्थिक वर्षको बजेटमा जारी रहेको देखिन्छ र अर्थतन्त्रको प्राथमिकता र चुनौतीको रूपमा स्वीकार गरिएको पनि देखिन्छ । तर प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको प्रस्ट हुन्छ । आयात माथिको निर्भरता अहिले पनि यथावत नै रहेको अवस्था छ ।

२.३. कुल गार्हस्थ उत्पादनमा ऋणको हिस्सा



चित्र ७: नेपालको कुल ऋणको विश्लेषण

आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यका अनुसार २०८० वैशाख मसान्त सम्म नेपालको कुल ऋण दाइत्व रु. २१ खर्ब ३४ अर्ब ३२ करोड रहेको थियो जसमध्ये आन्तरिक ऋण रु. १० खर्ब ६३ अर्ब ६७ करोड थियो भने वैदेशिक ऋण रु. १० खर्ब ७० अर्ब ६५ करोड थियो (**चित्र नं. ७**)। कुल गार्हस्थ उत्पादनको तुलनामा हेर्ने हो भने पछिल्लो दशकमा कुल गार्हस्थ उत्पादनमा कुल ऋणको हिस्सा अत्यन्तै ठुलो देखिन्छ। वि.सं. २०७९/८० मा कुल गार्हस्थ उत्पादनको ४०.४ प्रतिशत कुल ऋण रहेको देखिन्छ। कुल ऋणको रकमले कुल गार्हस्थ उत्पादनको ठुलो हिस्सा ओगट्नु अर्थतन्त्रको लागि आफैँमा ठुलो चुनौति हो। त्यसमा पनि कुल ऋणमा अन्तरिक ऋणको हिस्सा बढ्दै जानु अर्को ठुलो चुनौतिको रुपमा प्रस्तुत भएर आएको छ। सरकारले आन्तरिक ऋणको रुपमा जनतासङ्ग रकम जम्मा गर्दै गर्दा अर्को तर्फ भने जनताको बचतमा ह्रास आउँदछ

। यसले लगानियोग्य रकमलाई सरकाररी ढुकुटिमा जम्मा गरिदिन्छ जसको सिधा असर कुल निवेशमा देख्न सकिन्छ। यसर्थ, ऋण व्यवस्थापनमा पनि सरकारले ध्यान पुर्याउन आवश्यक देखिन्छ ।

२.४. सार्वजनिक ऋण र ऋणको व्यवस्थापन

नेपालको कुल ऋण रकमको औसत ४३% सावाँ भुक्तानीमा खर्च भएको देखिन्छ र करिब ११% ब्याज भुक्तानीमा जाने गरेको देखिन्छ । ऋणको मात्रा वृद्धि हुँदै जाँदा ठूलो हिस्सा ऋणको सावाँ र ब्याज व्यवस्थापनमा खर्च भएको प्रष्ट हुन्छ । चालु आर्थिक बर्षको अनुमान अनुसार कुल ऋण रकमको २६% ब्याज भुक्तानी र ५१% सावाँ भुक्तानीमा जाने देखिन्छ । साथै आगामी आर्थिक बर्ष दायित्वमा झनै वृद्धि हुने अनुमान गरिएको छ । तथ्यांक अनुसार कुल ऋण रकमको १९ % ब्याज भुक्तानी र ५५% सावाँ भुक्तानीमा जाने अनुमान गरिएको छ। फलस्वरूप, लगानी, उपभोग र आर्थिक वृद्धि जस्ता अन्य गतिविधिका लागि ऋण रकमको आधा मात्रै उपलब्ध रहन्छ । जसलाई **चित्र नं. ८** मा पनि देख्न सकिन्छ ।

यस अवस्थाबाट उत्पन्न भएको अर्को गम्भीर समस्या भनेको बाँकी रहेको रकमलाई सरकारले उत्पादनमूलक क्षेत्रमा प्रभावकारी रूपमा उपयोग गर्न नसक्नु हो । यसको सट्टा, उपलब्ध रकम प्राय चालु खर्चको परिपुर्तीका लागि गएको देखिन्छ, जसले आर्थिक विकासको संभावनालाई सीमित गर्न सक्दछ । फलस्वरूप, ऋण व्यवस्थापनमा ऋणको विनियोजन र बाँकी रहेको रकमको पनि अनुत्पादक क्षेत्रमा उपयोगले समग्र अर्थतन्त्रको प्रभावकारितमा नकारात्मक असर पर्न गएको दखिन्छ ।



चित्र ८: सार्वजनिक ऋण र सावाँ ब्याज भुक्तानी

यसबाहेक, तथ्यांकले बजेटको आकारको सावधानीपूर्वक व्यवस्थापनको आवश्यकतालाई जोड गर्दछ । ऋणको ठूलो हिस्सा ऋण फिर्ता र ब्याज भुक्तानीका लागि तोकिएको भए पनि प्राथमिकताका क्षेत्र, पूर्वाधार विकास, समाज कल्याण र अन्य उत्पादनमूलक लगानीका लागि सीमित ठाउँ छ । यसले अर्थतन्त्रमा उपलब्ध कोषको प्रभावलाई अधिकतम बनाउने लक्ष्य राख्दै प्रभावकारी बजेट योजना र स्रोत विनियोजन सुनिश्चित गर्नुपर्ने आवश्यकता देखिन्छ ।

३. आर्थिक वर्ष २०८१/८२ को बजेट विश्लेषण

३.१. बजेटको आकारको विश्लेषण

चालु आर्थिक वर्ष २०८०/८१ मा कुल विनियोजित बजेट रु .१७ खर्ब ५१ अर्ब ४१ करोड रहेको थियो। जसमध्ये चालु खर्चतर्फ ११ खर्ब ४१ अर्ब ७८ करोड अर्थात ६५.२ प्रतिशत, पुँजिगत खर्चतर्फ ३ खर्ब २ अर्ब ७ करोड अर्थात १७. २५ रहेको थियो र वित्तिय व्यवस्थातर्फ ३ खर्ब ७ अर्ब ४५ करोड अर्थात १७.५६ प्रतिशत रहेको थियो। तथापि, बजेटको अर्धवार्षिक मुल्याङ्कन प्रतिवेदनका अनुसार भने रु. १५ खर्ब ३० अर्ब २६ करोड ६२ लाख खर्च हुने अनुमान गरिएको छ जुन शुरु विनियोजनको ८७.३८ प्रतिशत मात्र रहेको छ। आगामि आर्थिक बर्ष २०८१/ ८२ को लागि बिनियोजित बजेट रु. १८ खर्ब ६० अर्ब ३० करोड रहेको छ।

नेपालको विकासको आवश्यक्ता अनुसार यो बजेटको आकार साहैँ सानो रहेको छ र यस्तो बजेटले देशलाई विकास र समुन्नतिको बाटोमा लैजान कठिन रहेको छ। पर्याप्त मात्रामा बजेट विनियोजन नभएको अवस्थामा लगानी गरिएका परियोजना बिचमै अलपत्र पर्ने समस्याबाट जुझिरहेका बेला प्रत्येक परियोजनाका लागि उचित बजेट छुट्टयाउन आवश्यक त छ नै, साथै विनियोजित बजेटलाई चुहावटबाट रोक्न पनि उत्तिकै आवश्यक पर्दछ। बजेटको आकार बढाउनका लागि राजस्वको दायरा बढाउन अति आवश्यक देखिन्छ। यसको लागि उत्पादन क्षेत्रको वृद्धि र विस्तार हुन त्यतिनै आवश्यक छ, । तर छोटो समयमानै उत्पादनमा वृद्धि गरी राजस्वमा वृद्धि गर्न कठिन हुने हुँदा क्रमश: उत्पादनको वृद्धिमा विशेष ध्यान पुर्याउन पर्ने देखिन्छ । नेपालमा उद्दोगलाई बढावा दिएर प्रमुख उत्पादनको पहिचान गरी देशलाई आत्मनिर्भर बनाएर कर राजस्वको दायरालाई फराकिलो नबनाउँदासम्म आर्थिक वृद्धि हासिल गर्न अति कठिन छ। उत्पादनमा वृद्धि गर्नुका साथै राजस्व सङ्कलनको दायरा बढाउन पनि त्यत्तिकै आवश्यक छ। नेपालमा गरिएका विभिन्न सर्वेक्षणहरुका अनुसार नेपालको अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको उपस्थिति पनि उल्लेख्य छ। करको दायरा फराकिलो पार्नका लागि यस्तो अनौपचारिक क्षेत्रको औपचारिकिकरणमा पनि विशेष ध्यान पुर्याउन पर्ने हुन्छ।

३.२. उद्देश्य

आगामी आर्थिक वर्षको बजेटका उद्धेश्यहरु यसप्रकार रहेका छन्;

१. उत्पादन उत्पादकत्व र रोजगारी वृद्धि गर्नु
२. निजी क्षेत्रको मनोबल बढाउँदै लगानी वृद्धि गर्नु र आर्थिक क्रियाकलापमात्र तीव्रता ल्याउनु
३. मानव संसाधन विकास गर्नु
४. श्रोत र साधनलाई सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्नु
५. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु

३.३. प्राथमिकताहरु

आगामी बजेटले निम्नलिखीत कुराहरुलाई प्राथमिकतामा राखेको छः

१. आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्धन
२. कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन , औद्योगिक विकास तथा पूर्वाधार निर्माण
३. शिक्षा स्वास्थ्य लगायत समाजिक क्षेत्रको विकास
४. समावेशिता र समाजिक सुरक्षा

५. प्रशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहमा सुधार

३.४. बजेटको विभाजन

३.४.१. खर्च र राजस्व को आधारमा विभाजन



चित्र ९: *खर्च र राजस्वको आधारमा बजेटको विभाजन*

चित्र नं. ९ मा खर्च र राजस्वको आधारमा बजेटको विभाजन प्रस्तुत गरिएको छ। आगामी आर्थिक वर्ष २०८०/८१ को लागि विनियोजित बजेट १८ खर्ब ६० अर्ब ३० करोड रहेको छ । यो रकम चालु आर्थिक वर्षको विनियोजित बजेट भन्दा ६.२ प्रतिशतले बढी हो भने संसोधित बजेट भन्दा २१.५६ प्रतिशतले बढी हो । पछिल्लो प्रवृत्तिलाइ हेर्दा यो आर्थिक बर्षमा पनि विनियोजित बजेट भन्दा वास्तविक खर्च घट्न सक्ने देखिन्छ। विनियोजित बजेटको ६१.३१ प्रतिशत हिस्सा चालु खर्चको लागि छुट्याइएको छ, १८.९४ प्रतिशत पुँजीगत खर्च र १९.७४ प्रतिशत वित्तीय व्यवस्थाका लागि छुट्याइएको छ । त्यसको परिपूर्तिका लागि राजस्व बाट ६७.७४ प्रतिशत ,अनुदान बाट लगभग २.८१ प्रतिशत र बाकी रकम ऋण लिने भनिएको छ । चालु आर्थिक वर्षको तुलनामा बजेटमा चालु खर्चको प्रतिशत भने ६५.२ प्रतिशत बाट ६१.३१ प्रतिशतमा घटाइएको छ र पुँजिगत खर्चको हिस्सा भने १.६९ प्रतिशतले बढाइएको छ। त्यसैगरि वित्तिय व्यवस्था को लागि छुट्ट्याईएको बजेटको हिस्सा भने २.२१ प्रतिशतले बढाईएको छ। पछिल्लो दशकमा कुल खर्चको अत्यधिक हिस्सा चालु खर्च अर्थात् सरकारको संचालन खर्चमा गएको देखिन्छ सोही प्रवृत्ति यस बजेटमा पनि छ । यसरी अत्यधिक हिस्सा चालु खर्चमा जानुले अर्थतन्त्रमा भार थोपरिरहेको छ । दिगो विकास सुनिश्चित गर्नका लागि पुँजिगत खर्चमा जोड दिनु पर्ने हुन्छ तर पुँजिगत खर्चका लागि भने यस वर्ष पनि खासै जोड दिईएको छैन।

पछिल्लो एक दशकको औसत आय संकलनको तथ्यांक हेर्दा लक्षित राजस्व उठ्न सकिरहेको देखिँदैन । आगामी आर्थिक वर्षमा राजस्व बाट १२ खर्ब ६० अर्ब ३० करोड संकलन गर्ने भनिएको छ जुन विनियोजित बजेटको ६७.७४ प्रतिशत हुन् जान्छ । आर्थिक वर्ष २०७८/७९ मा रु.१० खर्ब ४० अर्ब राजस्व सङ्कलन गर्ने अनुमान गरिएकोमा रु. ८ खर्ब ९० अर्ब ४० करोड मात्र राजस्व सङ्कलन भएको छ जुन संशोधित अनुमानको ८५.६२ प्रतिशत रहेको छ। त्यसैगरी आर्थिक वर्ष २०८०/८१ को राजस्व सङ्कलनको संशोधित अनुमान रु. ११ खर्ब १० अर्ब ५६ करोड रहेको छ भने आर्थिक वर्ष २०८१/८२ को राजस्व सङ्कलनको अनुमान भने रु. १२ खर्ब ६० अर्ब ३० करोड रहेको छ।

राजस्व प्राप्तिको आवश्यकता परिपूर्तिका लागि आन्तरिक कर संकलनको दायरा बढाउने र कराधार विस्तार र वृद्धि गर्ने तर्फ ठोस नीति हुनुपर्नेमा यसतर्फ खासै प्रगति हुन सकेको देखिदैन ।

३.४.२. क्षेत्रगत विशलेषण

स्वास्थ्य

सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि संघीय स्वास्थ्य मन्त्रालयसहित स्वास्थ्य क्षेत्रका लागि ८६ अर्ब २४ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ जुन कुल विनियोजित बजेटको ४.६४% हुन आउछ । स्वास्थ्य कार्यक्रमको मात्र विनियोजित बजेट हेर्ने हो भने यो प्रतिसत अझ कम अर्थात् ३.०८% हुन आउछ । विश्व स्वास्थ्य संगठनको सिफारिस अनुसार स्वास्थ्य क्षेत्रका लागि क्रमश: कुल बजेटको १० प्रतिशत पुऱ्याउनुपर्छ । बजेट उपचारात्मक स्वास्थ्य सेवामा बढी केन्द्रित देखिएको छ र रोग नियन्त्रण, रोकथाम र प्रवर्द्धनात्मक स्वास्थ्य सेवालाई कम प्राथमिकतामा राखिएको छ । आगामी आर्थिक वर्षको बजेट हेर्दा स्वास्थ्य सेवा वर्तमान सरकारको प्राथमिकतामा छैन, र विनियोजन गरिएको रकम पनि विद्यमान स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गर्न अपर्याप्त छ। यस बजेटमा सरकारले सुर्तीजन्य पदार्थको करलाई बेवास्ता गरेको छ । सुर्तीजन्य पदार्थले जनताको स्वास्थ्यमा प्रत्यक्ष असर गर्छ । तथापी सरकारले सुर्तीजन्य पदार्थमा कर लगाएर राजस्व उठाउने र उक्त रकम स्वास्थ्य क्षेत्रमा प्रयोग गर्ने अवसर गुमाएको छ ।

गतसालको बजेटमा ५.८७ प्रतिशत ओगटेको विनियोजन घटेर ३.०८ प्रतिशतमा सिमित हुनु आफैंमा विडम्बना हो। त्यसैगरि सरकारले दिंदै आएको अनुदान (डायलसिस, मुटु रोग, क्यान्सर जस्ता असाध्य रोग आदिमा सहयोग), निशुल्क औषधी जस्ता अपरिहार्य कार्यक्रमले निरन्तरता पाएको छ जुन राम्रा पक्ष हुन, तर यसले स्वास्थ्य क्षेत्रको दिगो विकासमा पटक्कै मद्धत गर्दैन्। त्यसैगरि रोग लागेपछी उपचारको क्षेत्रमा मात्र

दृष्टि पुग्नु तर रोग नै लाग्न नदिनु मा सरकारको पर्याप्त ध्यान नपुग्नु पनि बजेटको राम्रो पक्ष भने होइन। सरकारले भर्खरै शुरु गरेको स्वास्थ्य विमा प्रभावकारी रुपमा सञ्चालन हुन सकेको छैन। नसर्ने रोगको प्रकोपलाई सम्बोधन गर्न पनि बजेटमा केही कर्यक्रम समावेश भएको देखिदैंन।

शिक्षा

नेपालको संविधानले शिक्षालाई सबै नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । तर, यो व्यवस्था भए पनि शिक्षा क्षेत्रमा लगानी र नतिजा सन्तोषजनक हुन सकेको छैन । आर्थिक बर्ष २०६९/७० देखि २०७३/७४ सम्ममा शिक्षामा भएको खर्च क्रमशः १७ प्रतिशत घटेर १३ प्रतिशत भएको छ । त्यसयता हामी संघीयतामा प्रवेश गर्यौं र हाम्रो बजेट विनियोजन प्रणाली परिवर्तन भएको छ । भविष्यका लागि दक्ष जनशक्ति विकासका लागि महत्वपूर्ण हुने शैक्षिक विकास कार्यक्रम जस्ता महत्वपूर्ण क्षेत्रमा सरकारले न्यून बजेट विनियोजन गरेको देखिन्छ । २०७६/७७ मा शिक्षालाई सरकारको प्रमुख प्राथमिकताको रूपमा जोड गरिएको थियो । तर स्रोतसाधनको वास्तविक विनियोजनले अर्कै चित्र कोरेको छ । प्राथमिकतामा राखिएता पनि कुल बजेटको जम्मा ३.१२% रकम मात्र विनियोजन भएको छ । विगत नौ वर्षमा शैक्षिक अनुसन्धान र विकासमा भएको निकै कम लगानीले यस क्षेत्रमा आविष्कार र सुधारमा जोड दिन नसकेको पनि प्रस्ट पार्छ ।

प्राकृतिक प्रकोप

विसं. २०८१/८२ को बजेटले प्राकृतिक प्रकोपको सम्बन्धमा पनि केही व्यवस्था गरेको छ। बुंदा नं ९६ मा भूकम्पबाट क्षतिग्रस्त जाजरकोटको पुनर्निर्माण गर्ने त भनियो तर २०७२ सालको भूकम्प पश्चात्को पुनर्निर्माणबाट Best practice examples पत्ता लगाउन अनुसन्धानको लागि बजेट विनियोजन भएन। त्यसैगरी बुंदा नं ९८ मा "एक पालिका एक डाउनटाउन" भनियो तर २०७२ सालको भूकम्प पश्चात् बनेका "एकृकीत बस्तीहरुलाई" वास्ता गरिएन। बुदा नं १११ मा स्यालो तथा डिप ट्युबवेलबाट सिचाईको कुरा गरियो तर भूमिगतजलको पुनर्भरणको प्रसंग नै उठाइएन। वर्षेनी ठुलो धन-जनको क्षति पुर्याउने बाढी, पहिरो, भूकम्प जस्ता विपद्सँग के कसरि मुकाविला गर्ने भन्ने बारेमा बजेटले नविन सोच ल्याउनु त परै जाओस-बजेटमा चर्चा नै छैन। बुदा २६३ मा उद्धार र राहतको मात्र कुरा छ- विपद् चक्रको प्रसंग नै उक्काइएन। त्यसैगरि निर्माणजन्य सामाग्रिको कुरा गर्दा स्थानिय स्तरमा उपलब्ध ढुङ्गा, माटो, काठ इत्यादीको प्रयोगलाई,

खास गरेर भूकम्प प्रतिरोधक भवन निर्माणको लागि, प्रोत्साहन गर्न अनुसन्धानमा आधारित तथ्यहरु तयार गर्नु पर्ने मा यस्तो सोचको उल्लेख नै छैन।

त्यसैगरि दिगो वन व्यवस्थापन र वातावरण संरक्षण अन्तर्गत राष्ट्रपति चुरे संरक्षण कार्यक्रममा पहिरो तथा गेग्रान वाहाव न्युनिकरणका कार्यहरु पनि पर्छन तर तिनलाई बजेटमा समावेश गरिएको छैन। जलश्रोत जन्य विपद जोखिम न्युनिकरण को लागि जोखिम अध्ययन, नक्शांकन, न्युनिकरण, पुर्व सुचना तथा पुर्व तयारी जस्ता कार्यहरु हुनु पर्ने हुन्छ। जुन कुरा विपद जोखिम न्युनिकरण राष्ट्रिय नीति २०७५ तथा १५औं पञ्चवर्षिय योजनाको विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन शिर्षकमा विस्तृत उल्लेख भएको देखिन्छ। तर यस आ.व. २०८१/८२ बजेटमा जलवायु परिवर्तन र विपद व्यवस्थापन शिर्शकमा “विपद व्यवस्थापन र जलवायु अनुकुलनका कार्यक्रमलाई एकिकृत रुपमा संचालन गर्ने व्यवस्था मिलाईने छ।” मात्र भनिएको छ, विस्तृत कार्यक्रम केहि पनि उल्लेख नभएको देखिन्छ।

ठुलो बजेट गृह मन्त्रालयमा राखेको देखिन्छ भने प्रकोप न्युनिकरण तथा व्यवस्थापनको जिम्मा लिएको मन्त्रालयले वर्षेनि जाने बाढि पहिरोको न्युनिकरण तथा व्यवस्थापनको लागि कुनै कार्यक्रम स्पष्ट उल्लेख गरिएको छैन।

वन व्यवस्थापन र वातावरण संरक्षण

२०८१/८२ को बजेटमा वन र वातावरण तथा खानेपानी र सरसफाई क्षेत्रहरूको लागि गरिएका व्यवस्थाहरु यस खण्डमा विश्लेषण गरिएका छन। वन र वातावरणको बजेट १५ अर्ब ७० करोड रूपैयाँ वृद्धि गरिएको छ, जबकि खानेपानी र सरसफाईको बजेट २६ अर्ब ६३ करोड रूपैयाँ घटाइएको छ। वन क्षेत्रमा दिगो व्यवस्थापन, फलफूल र पशुपालनको प्रवर्धन, औषधीय जडीबुटीको व्यवसायीकरण, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन, र चुरे क्षेत्रको संरक्षणलाई प्राथमिकता दिइएको छ। खानेपानी र सरसफाईमा "एक घर, एक धारा" अभियान, मेलम्ची खानेपानी परियोजना, सुन्दरीजलमा पानी प्रशोधन संयन्त्रको विस्तार, र फोहोर पानी प्रशोधन प्लान्टहरूको निर्माणलाई प्राथमिकता दिइएको छ। यस वर्षको बजेटले जलवायु परिवर्तन अनुकूलन, वायु प्रदूषण नियन्त्रण, र वन संरक्षण कार्यक्रमहरूलाई निरन्तरता दिएको छ।

बजेटले माथि उल्लेखित व्यवस्थाहरु गरे पनि नदि व्यवस्थापन को लागि बजेटले उचित व्यवस्था भने गरेको छैन। त्यसैगरि, आ.व. २०८१/८२ को बजेटमा ठोस फोहोर व्यवस्थापन सम्बन्धी व्यवस्थामा जोड दिईएको

पाइएको छैन। नेपाल जलवायु विविधतामा धनि देश भएता पनि औषधीय जडिबुटिको व्यवस्थापन तथा प्रशोधनका लागि पनि बजेटले जोड दिएको छैन।

जिविका

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कम्तिमा दुई लाख व्यक्तिलाई १०० दिनको लागि रोजगारी दिने, प्रत्येक प्रदेशमा कम्तीमा एक हजार युवालाई सीपमूलक तालिम, श्रमदान कार्यक्रम, वैदेशिक रोजगारीबाट आएका एक लाखलाई स्वरोजगार बनाउने योजना छ । तर, यो ठूलो आवश्यकताको तुलनामा अपर्याप्त छ। यदि पूर्वाधार परियोजनाहरू (ऊर्जा, सडक, आदि) योजना अनुसार चल्ने हो भने, यसले धेरै मानिसहरूको लागि जीविका पनि प्रदान गर्न सक्छ। १६ लाख पर्यटक भित्र्याउने योजनाले जीविकोपार्जनका अवसरहरू पनि बढाउन सक्छ। तर, काठमाडौं–पोखरा, नारायणघाट–बुटवल, काठमाडौं–केरुङ जस्ता महत्वपूर्ण सडकको अवस्था नाजुक रहेकाले पर्यटकलाई आकर्षित गर्न चुनौतीपूर्ण रहेको र पोखरा र लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि कुनै योजना प्रस्तुत गरिएको छैन । बजेटले प्रत्येक प्रदेशमा कम्तीमा एक हजार युवालाई सीपमूलक तालिम दिइने कुरा उल्लेख गरेको छ । आप्रवासी कामदारहरूलाई प्रस्थान गर्नुअघि अभिमुखीकरण तालिम निःशुल्क उपलब्ध गराइने बारेमा पनि उल्लेख गरिएको छ। चिकित्सा प्रयोगको लागि गाजा खेतीका लागि कानुनी प्रावधानले पनि जिविकोपार्जनमा केहि सकारात्मक प्रभाव पार्न सक्छ।

खाद्य सुरक्षा

बजेटलाई हेर्दा, मल, बीउ र अन्य सामग्रीको लागि विशेष व्यवस्था नभएकोले कृषि उत्पादनमा उल्लेख्य वृद्धि हुने सम्भावना कम रहेको छ र साथै धान उत्पादन वर्षामा निर्भर हुनुपर्ने देखिन्छ। विद्यालयमा खानाको व्यवस्था भने जारी रहने कुरा बजेटमा ऊल्लेखित छ तर हाल प्रति विद्यार्थी १५ रुपैयाँ विनियोजन भने अपुग छ। प्रत्येक प्रदेशमा एउटा मेगा किचनको चाख लाग्दो अवधारणा पनि बजेटले पेश गरेको छ । बजेटका अनुसार सामाजिक सुरक्षा जारी रहनेछ जसले ज्येष्ठ नागरिक र अन्य जोखिममा परेका जनसंख्याको खाद्य सुरक्षामा रहेको योगदानलाई कायम राख्ने अपेक्षा राख्न सकिन्छ। तर, सामाजिक सुरक्षा भत्तामा जनताको सङ्ख्या बढ्दै गएकाले सीमित राजस्वलाई ध्यानमा राख्दै यसका लागि (११६ अर्ब) बजेट व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ। विभिन्न पूर्वाधार परियोजनाहरू (जलविद्युत, सडक, आदि) मार्फत सृजना गरिएका रोजगारी र जीविकोपार्जनका अवसरहरू (आईसीटी, प्रधानमन्त्री रोजगार कार्यक्रम, नगद बाली

प्रवर्द्धन आदि) राम्रोसँग कार्यान्वयन भएमा राम्रो आय र खाद्य सुरक्षामा पनि योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ।

पूर्वाधार विकास

प्रस्तुत बजेटमा आगामि आवमा कर्णालि चिसापानी जल विद्धुत आयोजनाको विस्तृत ईनजिनियरिङ् कार्य शुरु गर्ने कुरा उल्लेख गरिएको छ जुन कामको शुरुवात धेरै वर्ष अगाडि नै भैसक्नु पर्ने थियो। त्यासैगरि निजगढ अन्तराष्ट्रिय विमानस्थलको काम शुरवात भएको वर्षौ बितिसक्दा पनि यस बजेटमा उक्त विमानस्थलको लगानिको ढांचा र पुर्वतयारिको काम सम्पन्न गरिने कुरा व्यक्त गरिएको छ। यसरि हेर्दा पुर्वाधार विकासमा नेपालको बजेट र कार्यन्वयन अति कमजोर रहेको देखिन्छ। गृह मन्त्रालयको लागि १ खर्ब ९९ अर्ब रुपैंया विनियोजन हुंदै गर्दा भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयतर्फ भने १ खर्ब ५० अर्ब मात्र विनियोजान भएको देखिन्छ। त्यसैगरि काठमाण्डौ-तराई द्रुतमार्ग अन्तर्गत निर्माणाधिन महादेवटार धेद्रे र लेनडांडा सुरुङ्गमार्ग निर्माण अगामी आर्थिक वर्ष सम्पन्न गरिने भनिएको छ र यासका लागि रु. २२ अर्ब ५४ करोड मात्र विनियोजन भएको छ। यस्तो राष्ट्रिय महत्वको आयोजनामा बजेटको विशेष विभाजन हुनुपर्नेमा त्यता तर्फ उचित बजेट विनियोजन भएको देखिएन, जसले गर्दा यस्ता ठुला परियोजनाहरु धेरै वर्षसम्म अड्किएर बसेका छन्। पुराना परियोजना पुरा गर्नमा भन्दा नयां बाटोहरु बनाउनमा बजेट विनियोजन गर्नु पनि पुर्वाधार बिकासको लागि राम्रो भने हैन्। त्यसैगरि पुराना औधोगिक क्षेत्रको प्रवर्धन र परिचालन गर्ने भन्दा पनि नयां औधोगिक क्षेत्रको निर्माणमा बजेट विनियोजन हुनु पनि पुर्वाधार बिकासमा लाभदायि देखिंदैन। नेपालको हालको अवस्था विचार गर्दा यस्ता नयां परियोजनामा भन्दा पनि पुराना रहि अएका पुर्वाधारका प्रवर्धन र परिचालनमा विशेष ध्यान पुर्याउन पर्ने र बजेटलाई प्रभावकारि परियोजनामा प्रयोग गार्नु अपरिहार्य देखिन्छ।

३.५. निष्कर्ष र सुझाव

नेपालको बजेटको आकार अति न्युन छ । यस्तो न्युन बजेटबाट देशको आर्थिक तथा सामाजिक विकासको आवश्यकता पुरा गर्न कठिन पर्दछ । सात दशकभन्दा बढि बजेटको इतिहासमा सुरुको वर्षहरुबाट नै बजेट घाटामा चलेको देखिन्छ। बजेट घाटा हुनु भनेको आवश्यक मात्रामा सरकरी आय राजस्व प्राप्त हुन नसक्नु हो । कुल गार्हस्थ उत्पादनसङ्ग तुलना गरी हेर्दा व्यय भन्दा आयको प्रतिशत निकै कम देखिन्छ। पछिल्ला वर्षहरुमा बजेट घाटा बढ्दै गएको देखिन्छ। घाटा बजेटलाई कम गरी संतुलित बजेट बनाउन सरकारको आय श्रोत अर्थात राजस्व उल्लेखनिय रुपमा बढाउन पर्ने देखिन्छ । करको दायरा तथा आधार त्यस अवस्थामा

मात्र बढ्न सक्दछ जब गार्हस्थ उत्पादनको दर उच्च हुन सक्दछ । वस्तु तथा सेवा उत्पादनको क्षेत्र तथा मात्रा बढ्न सके राजस्व परिचालन स्वतः बढ्न सक्दछ।

राजस्व बढाउनका लागि करको दायरा र आधार बढाउन पर्ने पर्ने हुन्छ । गाह्रस्थ उत्पादनको मात्र तथा दायरा बढाउन दिर्घकालीन सोच रणनीतिको आवश्यकता पर्दछ । राष्ट्रिय उत्पादन बढाउन अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सोच तथा रणनीतिको आवश्यकता पर्दछ। उच्च प्राथमिकता र प्रतिवद्धताका साथ राष्ट्रिय उत्पादन बढाउनको लागि काम गर्नुपर्दछ । यस्तो न्यून आकारको बजेटबाट अर्थतन्त्रले फड्को मार्न सक्दैन। अर्थतन्त्र जहिले पनि न्यून उत्पादन, न्यून उपभोग, न्यून लगानी, न्यून रोजगार र न्यून पूर्वाधार विकासको कुचक्रमा फसिरहने हुँदा यसबाट छुटकारा पाउन दीर्घकालीन उद्देश्य र रणनीतिका साथ काम गर्नुपर्ने हुन्छ।

अतः बजेटको आकार बढाउनको लागि राजस्वको स्रोत बढाउन अनिवार्य छ। राष्ट्रिय उत्पादन नबढाई राजस्व बढाउन प्राय सम्भव छैन तर राजस्व पनि एकमात्र दिगो र भरपर्दो स्रोत होइन।

सरकारको आय

सरकारको आयको प्रमुख स्रोतहरूमा कर राजस्व, गैर कर राजस्व, सहायता, अन्तरिक ऋण र बाह्य पर्दछन्। कर राजस्वमा मूल्य अभिवृद्धि कर सम्पत्तिकर अन्तशुल्क आदि आयकर, आयात कर निर्यात कर आदि पर्दछन्। यसमा पनि कुल आयमा राजस्वको स्थान सर्वोपरि रहन्छ । यी करहरूमा लचकता अन्य गैह्रकर राजस्वको तुलनामा बढि रहन्छ । करको दायरा तथा आधार बढेसँगै करको मात्रा स्वतः बढ्न सक्दछ। यसैले सरकारको आयवृद्धि गर्नको लागि कर राजस्वलाई पहिलो प्राथमिकतामा राख्न आवश्यक हुन्छ जसका लागि वस्तु तथा सेवाको उत्पादनमा उच्च बढोत्तरी हुन जरूरी हुन्छ तर वस्तु र सेवाको आयातमा लाग्ने कर वृद्धि गर्न सक्ने सम्भावना कम छ। वैदेशिक व्यापारमा अत्याधिक असन्तुलन रहेको छ । आयात निर्यात अनुपात १ : १० भएको कारण व्यापार असन्तुलन अत्याधिक रहेको छ। सरकारको राजस्वमा आयात करको निर्भरतालाई क्रमशः कम गर्नुपर्दछ। ग्राहस्त उत्पादनको वृद्धिबाट वस्तु तथा सेवामा लाग्ने करोडको विस्तार र वृद्धि हुन आवश्यक छ । आन्तरिक उत्पादन तथा सम्पत्तिको वृद्धिनै सरकारको राजस्वको मुख्य आधार हुन पर्दछ। घाटा बजेटको पूर्ति गर्न आन्तरिक ऋण, बाह्य ऋण तथा वैदेशिक सहायतासँगको निर्भरता क्रमशः कम गर्दै जान सके मात्र सरकारको आय दीर्घकालीन रूपमा विस्तार र वृद्धि भई दिगोसमेत हुन सक्दछ । अतः करको आधार र दायरा बढाएर राजस्व वृद्धि गर्नु नै बजेटको आकार बढाउने उपयुक्त उपाय हुन सक्दछ।

सरकारको व्यय

सरकारी खर्चलाई मूल रूपमा तीन प्रकारले वर्गीकरण गरिएको छ: १.चालु खर्च २.पुँजीगत खर्च ३.वित्तिय खर्च। चालु खर्च अन्तर्गत राज्यको दैनिक प्रशासन तथा सरकारले प्रदान गर्नुपर्ने सेवा सुविधाहरूमा भएको खर्च समावेश भएको हुन्छ। यो खर्च उल्लेखनीय रूपमा वृद्धि हुनाको कारणमा राज्य पुन संरचना भएपछि प्रदेश तथा स्थानीय तहमा आएको विस्तारसँगै स्वाभाविक रूपमा खर्च बढेको, सरकारी खर्च तथा पुनरावलोकन आयोगको सिफारिस अनुसार अनावस्यक खर्च कटौती गर्ने काम हुन नसकेको कारणले पनि चालु खर्चमा कटौती गर्न सकिने अवस्था नरहेको देखिन्छ। यसले गर्दा चालू खर्च धान्नको लागि बजेटमा चाप परेको वर्तमान अवस्था रहेको छ।

चालु खर्चलाई उल्लेखनीय रुपमा कटौती गर्न सक्ने अवस्था नभएको कारण पुँजीगत खर्च जुटाउन मुस्किल भइरहेको अवस्था छ । सरकारी राजस्वले चालु खर्च धन्न मुस्किल भइरहेको अवस्थामा पुँजीगत स्रोत जुटाउन बाह्य स्रोतमा निर्भर हुनु पर्ने देखिन्छ । बजेट घाटालाई व्यवस्थापन गर्न प्रमुख तिन स्रोतहरू -आन्तरिक ऋण, बाह्य ऋण र बाह्य सहायता मध्ये यी तिनै स्रोतहरू दीर्घकालीन रूपमा दिगो र भरपर्दो देखिँदैन ।

बजेट प्रणालीमा आन्तरिक ऋणको हिस्सा उल्लेखनीय रहँदै आएको छ । पछिल्लो वर्ष २०७९/८० मा पनि आन्तरिक ऋणको हिस्सा १७ प्रतिशत रहेको छ । यस अधिका वर्षहरूमा पनि अन्तरिक ऋण उल्लेखनीय रहेको छ । निजी क्षेत्रमा रहेको यो रकम सरकारको सञ्चालन खर्चमा प्रयोग हुँदा निजी क्षेत्रको लगानी प्रभावित हुन सक्ने र रास्ट्रिय उत्पादनमा नकारात्मक असर पर्न सक्दछ भन्ने सैदान्तिक र व्याहारिक मत रहेको छ । अतः आन्तरिक ऋणलाई बढाएर बजेटको आकार बढाउने कुरा विरोधाभाषपूर्ण छ । पछिल्ला वर्षहरूमा बजेटमा आन्तरिक ऋणको हिस्सा बढ्दै गएको सन्दर्भमा यसलाई अरू बढाउने सम्भावना कम हुँदै गएको स्थिति छ ।

राष्ट्रिय बजेटमा वैदेशिक ऋणको मात्रा पनि क्रमश बढ्दै गएको छ । आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनमा कुल वैदेशिक ऋणको हिस्सा.४३ प्रतिशतर कुल आन्तरिक ऋणको हिसा पनि उच्च रहेको अवस्था छ । सोहि वर्षमा कुल गाहस्थ्य उत्पादनमा यो हिस्सा १० प्रतिशत रहेको छ । अतः वैदेशिक ऋणलाई बजेट घाटा पुरा गर्न उपयोग गर्दासचेत रहनु पर्ने पर्ने स्थिति देखा परेको छ ।

अघिल्लो दशकमा वैदेशिक सहायताको अंश उल्लेखनीय रहँदै आएकोमा पछिल्लो दशकमा क्रमशः कम हुँदै गएको छ । तुलनात्मक रूपमा वैदेशिक सहायता घट्दै गएको देखिन्छ । घाटा बजेट पूर्ति गर्न वैदेशिक सहायता घट्दै जानु र वैदेशिक ऋण बढ्दै जानुले ऋणको सावाँ ब्याज भुक्तानीले पनि बजेटमा चाप पढ्दै

गएको देखिन्छ । वैदेशिक सहायतालाई बढाएर बजेटको आकार बढाउन सक्ने सम्भावना नरहेको कुरा स्पष्टै छ ।

सार संक्षेपमा नेपालको बजेटलाई केलाएर हेर्दा निम्नानुसारको निष्कर्ष तथा सुझाव पेश गर्न सकिन्छ ।

१. नेपालको बजेटको आकार राष्ट्रको आर्थिक समाजिक विकासका आवश्यकता पुरा गर्न नसक्ने अवस्थामा छ, न्यून छ पर्याप्त छैन ।
२. बजेट न्यून हुनुको प्रमुख कारण राजस्व सङ्कलन/परिचालन न्यून हुनु हो ।
३. अल्पकालमा राजस्वको वृद्धि उच्च दरमा गर्न कठिन छ । तर मध्यकालीन तथा दीर्घकालीन रणनीतिक योजना बनाएर करको दायरा र आधार बढाउने काम गरेमा राजस्वमा वृद्धि गर्न सकिन्छ ।
४. गैरकर आय वैदेशिक सहायता, वैदेशिक ऋण, आन्तरिक ऋण बढाउने क्षमता सीमित छ । अतः यी स्रोतहरुमा निर्भरता घटाउदै जानु पर्ने देखिन्छ ।
५. राज्यको आर्थिक सामाजिक विकासको आवश्यकतालाई परिपूर्ति गर्न चालु खर्चलाई घटाउनु पर्ने देखिन्छ भने अनावश्यक खर्च घटाउने तर्फ प्रभावकारी कदम चाल्नु पर्दछ ।
६. पछिल्ला दशकहरूमा पूँजीगत खर्च क्रमशः घट्दै गएको हुनाले राज्यको पुँजीनिर्माण, पूर्वाधार विकास', लगानीको वातावरण बनाउने काम सिमित हुँदै गएको छ। अत: आगामी वर्षहरूमा पूँजीगत खर्च बढाउनेतर्फ विशेष ध्यान दिन आवश्यक छ ।
७. न्यून बजेट, न्यून आए, न्यून खर्च, न्यून लगानी, न्यून पूँजीगत खर्च न्यून स्तरीय सरकारी सेवाले सिर्जना गरेको कुचक्रबाट छुटकारा पाउन आगामी बजेटको विस्तार गरी देशको आर्थिक तथा सामाजिक विकासमा राज्यको भूमिका बढाउन जरुरी भैसकेको छ ।
८. सरकारको नयाँ संरचनामा सरकारको तिनै तहको बिचमा समन्वय गरेर प्रभावकारी ढङ्गले कार्यक्रमहरु निर्धारण तथा संचालन गर्नु पर्ने देखिन्छ जसले गर्दा सङ्घीय बजेटमा पर्ने चाप घट्न जान्छ।